परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक




❑ वर्ष ११ ❑ अंक २२ २०७९ पौष १७ गते आईतवार Sunday 1, JAN 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## मिटर ब्याजीको साँवा रकम तिरी सक्दा पनि जग्गा फिर्ता नगरेको आरोप

विराटनगर । छोरीको खुट्टा भाचेको वेला रुपियाँको आवश्यकता परेकोले आफ्नो नाम दर्ता रहेको जग्गा मिटर ब्याजीको श्रीमती नाममा रानीनामा गरी मिटर ब्याजमा लिएको कर्जाको साँवा र ब्याज तिरी सक्दा पनि जग्गा फिर्ता नगरेको एक महिलाले आरोप लगाएकी छिन् ।



नेपाल पत्रकार महासंघमा पत्रकार सम्मेलनमा शान्तीदेवी महतो लगाइतका महिलाहरु ।

नेपाल पत्रकार महासंघ मोरंग शाखाको सभाहलमा मंगलवार पत्रकार सम्मेलनको आयोजना गरी जिल्ला मोरंग विराटनगर महानगर पालिका वडा नं. १४ भागवत्ती चौक, महतो टोल बस्ने भौमा महतोकी श्रीमति शान्ति देवी महतोले सोही टोल बस्ने नारायण प्रसाद साह गुप्ताकी श्रीमती सुन्दरी देवी साह गुप्तालाई सो आरोप लगाएकी छिन् ।

शान्ति देवी महतोले छोरी सोनी महतोको खुट्टा भाँचिदा उपचारको लागि रुपियाँको आवश्यकता परेकोले सो रुपियाँ खोज्दा महिनाको ५ प्रतिशत मिटर व्याजमा १ लाख ५० हजार लिई महतोले आफ्नो नाम दर्ता रहेको साविक जतुवा कटकुप्पा वडा नं. ३ (क) त्यसपछि विराटनगर-१८ हाल विराटनगर-१४ को कित्ता नं. ३६४६ को ससिम जग्गा २०७२ साल असोज २१ गते सोही ठाउँ बस्ने अमरिका कुमारी रायलाई राजीनामा गरी दिएका थिए ।

नौ महिनापछि रायलाई महतोले ब्याज वापत ९५ हजार तिरेपछि राईले भने मलाई पैसाको आवश्यकता परेको छ त्यसैले मेरो साँवा रकम पनि फिर्ता गर आफ्नो जग्गा लिउ भने पछि आफ्संग रुपैया नभएकोले सोही ठाउँ बस्ने नारायण प्रसाद साह गुप्तावाट १ लाख ५० हजार लिई सो सो रुपियाँ अमरिका कुमारी रायलाई बुझाई रायको नामबाट सो जग्गा सिधै नारायण प्रसाद साह गुप्ताको श्रीमति सुन्दरी देवी साह गूप्ताका नाममा २०७३ साल अषाढ १४ गते राजीनामा पास गरेको पिडित महतोले पत्रकार सम्मेलनमा बताइन । सो कुरा सही भएको पत्रकार सम्मेलनमा उपस्थित रहेकी अमरिका कुमारी रायले समेत वताइन ।

मिटर व्याजी गुप्ताको रकम साँवा व्याज विभिन्न वित्तिय संस्थावाट ऋण लिएर पहिलो पटक १ लाख ५० हजार, दोस्रो

वांकी अन्तिम पेजमा...

## अन्याय विरुद्ध संसदीय दलको नेतामा प्रतिस्पर्धा गरको : अर्याल

विराटनगर । मंसिर ४ गते भएको निर्वाचनमा मोरंग क्षेत्र नं. ५ (ख) बाट निर्वाचित नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा प्रदेश १ सभाका सदस्य अमृत अर्यालले संसदीय दलको नेतामा पराजय भएपछि अन्याय विरुद्ध संसदीय दलको नेताका लागि प्रतिस्पर्धा गरेको वताएका छन् ।

नेपाल पत्रकार महासंघ मोरंगको सभाहलमा शनिवार पत्रकार सम्मेलन गरी सो कुरा वताउँदै आफ्नो पराजयको सम्पूण दोष निवर्तमान सूचना तथा सञ्चारमन्त्री ज्ञानेन्द्र बहादुर कार्कीलाई लगाएका छन् ।

आफु मोरंग क्षेत्र नं. ५ को प्रतिनिधी सभा सदस्यमा टिकट पाउँनुपर्नेमा गठवन्धन का कारण सो क्षेत्र माओवादीको भागमा परेकोले प्रदश १ को मुख्य मन्त्री सहितको अश्वासन पाएपछि प्रदेश सांसदमा उम्मेदवारी दिई आफ् मुख्यमन्त्री हुने समेत आफ्ना क्षेत्रका जनतालाई अश्वासन दिई विजय भएको वताए ।

अहिले आएर संसदीय दलको नेतामा हार्नुमा मुख्य दोषी कार्की रहको वताउँदै त्यसको प्रमाण समेत आफूसंग रहेको वताउँदै आफ्नो पक्षमा थोरै मत आउँछ भन्ने पूर्वजानकारी भए पनि पार्टीभित्र भएको अन्याय विरुद्ध दलको नेताका लागि प्रतिस्पर्धामा आएको अर्यालले दावी गरेका थिए ।

प्रदेशसभा सदस्यहरुलाई धम्की दिएर भोट नहाल्न भन्दै आधा दर्जन जति सांसदहरुलाई धम्की दिएको प्रमाण भएको भनेता पनि कार्की बाहेक अरुको नाम बताउन् भएन्न । ज्ञानेन्द्रबहादुर कार्कीप्रति आक्रोशित देखिएका अर्यालले पार्टीको



अमृत अर्याल

जिम्मेवार नेताको रूपमा काम गर्न नसकेको आरोपसमेत लगाए ।

वांकी अन्तिम पेजमा...

## झुठ्ठा विवरण पेशगरी दोहरो नागरिकता लिने विरुद्ध उजुरी

विराटनगर । दोहोरो नागरिता लिएका तिनजना विरुद्ध जिल्ला प्रशासन कार्यलय मोरङमा जाहिरी दर्ता भएका छन ।

विराटनगर महानगर पालिका वडा नं. ६ का फैयाज खाँ, मो. नासिर खाँ र नौसाद खाँले झुठ्ठो विवरण पेश गरी नेपाली नागरिकता लिएको भन्दै जिल्ला प्रशासन कार्यालय मोरंगको दर्ता नं. १२७६ मिति २०७९ पुस ३ गते सोही ठाउँ बस्ने वर्ष ३४ की अख्तरी वेगमले जाहेरी दर्खास्त दर्ता गराएकी छन् ।

उनीहरुले भारतीय नागरिकता समेत परित्याग नगरी नेपाल सरकारले २०६४ साल जेठमा गृह मन्त्रालयले चलाएको नागरिता शिविरबाट झुठ्ठो विवरण पेश गरी नेपाली नागरिता लिएको वेगमले आरोप लगाएकी छन् ।

उनीहरुले नेपाल र भारत दुवै देशको नागरिता लिएको पाइएको हो । उनिहरुको नाम नेपाल र भारतका दुवै निर्वाचन आयोगको मतदाता नामावली मा नाम अथावत रहको पाइएका छन् ।

तीन जना मध्य फैयाज खाँले २०६४ चैत ३० गते झुठा विवरण पेश गरी जन्मको आधारमा नेपाली नागरिकता लिएका हुन । दोहोरो नागरिता लिने फैयाज खाँको नेपाली नागरिकता नम्मर ४९७ रहको छ भने भारतमा फैयाजको भारतीय मतदाता परिचय पत्र नं. आई ए जि ०२११०१९ रहेको छ ।

त्यसैगरी नासिर खाँको नेपाली नागरिकता नं. ६९ रहेको छ भने भारतको राहादानी नं. एफ २२५१२२२ छ । त्यसैगरी नैसाद खाँको नेपाली नागरिकता नं. ५०७ रहको छ भने भारतिय राहादानी नं. एम ९७४०४१८ रहेको छ ।

फैयाजको भारतको दरभंगामा लुगाको व्यवसाय संचालन गर्ने व्यवसायी हुन । नैसादको घर समेत भारतको दरभंगामा रहेको छ । नैसाद भारतीय राहादानीको प्रयोगले साउदी अरेवियामा रोजगारिको लागी पुगेका छन । नासिरको घर दरभंगामा छ उनको कपडा पशल बैंलोरमा रहेको स्रोतको दावी छ ।

प्रशासनमा उजुरी परेपनि अभियुक्तलाई पक्राउ गर्न चासो देखाएको छैन । जिल्ला प्रहरी कार्यलय मोरंका प्रमुख काशी राज दाहालले भने, प्रहरीलाई पक्राउ गर्न पत्र लेखेका छौ, पक्राउ पर्ने बित्तिकै अनुसन्धान गर्ने छौ ,। प्रहरीले तिनै जनाको खोजिकार्य भईरहेको जानकारी गराएको छ ।




SUKRATARA FURNITURE UDYOG
9842033365
9805391277
BIRATNAGAR
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

## मिटर...

पटक १ लाख ५० र तेस्रो पटक १ लाख ३५ हजार गरी जम्मा ४ लाख ३५ हजार बुझाएपछि तपाईका ऋण सिध्यो भन्दै सुन्दरी देवी साह गुप्ताको श्रीमान् नारायण प्रसाद साह गुप्ताले एउटा कोपीको पानामा रकम बुझेको कागज हो भनेर लेखेर दिएका थिए । म अनपढ भएकोले विश्वासको आधारमा कागज राखे केही दिन पछि आफन्तलाई कागज पढ्न लगाउँदा बुझेको रकम उल्लेख गरको छ तर मिति र हस्ताक्षर नगरीएको कागज रहेको महतोले वताईन ।

महतोले भने बारम्बार गुप्तासंग जग्गा फिर्ता गर्न आग्रह गरे तर उनी आलटाल गर्दै बहना देखाउँदै जग्गा फिर्ता गर्नुको सट्टा मेरो श्रीमान भोमा महतो विरुद्ध सुन्दरी देवी साह गुप्ताले वहाल रकम दिलाई घर खाली गराई पाउँ भनी २०७८ अषाढ २८ गते मोरंग जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो । सो मुद्दाको २०७८ फागुन १५ गते भएको फैसलामा सो मुद्दा खारेज भएको र सो उपर उच्च अदालतमा मुद्दा चलि रहेको वताए ।

जिल्ला अदालतमा मुद्दा समेत हारिसक्दा पनि उच्च अदालतमा पुनरावेदन गरको छन् । गुप्ताले जग्गा फिर्ता गर्नुको सट्टा बारम्वार घरखाली गर्न घाकधम्की गाली गौलोच गर्दै आएका छन् । जग्गा फिर्ता गराई दिन निवेदन सहित इलाका प्रहरी कार्यालय रानीमा निवेदन दिन जाँदा तिम्रो कुनै पनि प्रमाण नभएको र लेनदेन मुद्दा हर्ने नमिल्ने भन्दै प्रहरी प्रमुखले फिर्ता पठाएको भन्दै रुदै मेरो पुरै परिवार विच्चलीमा परेको वताए । महतोको परिवारमा सो जग्गा र घर बाहेका अरु कुनै पनि सम्पति रहेको छैन ।

सोही पत्रकार सम्मेलनमा उपस्थित सोही टोलमा बस्ने उमेश चौधरीको श्रीमति सिता चौधरीले भने मेरो नाउँको पनि १३ धुर जग्गा गुप्ताको नाउमा पास गरेर १ लाख ५० हजार लिएको थिए । ३/४ वर्ष पहिले मेरो पनि जग्गा फिर्ता नगरी बैमानी गरको आरोप समेत लगाएका थिए ।

गप्ताले मिटर ब्याजमा रुपियाँ लगानी गर्ने र ऋणीको जग्गा आफ्नो श्रीमतिका नाममा पास गरी ब्याज र साँवा लिने र जग्गा फिर्ता समेत नगरेपति दर्जनौ पिडित भएको चौधरीले वताईन ।

## अन्याय...

कार्कीकै कारण नेपाली कांग्रेको गठवन्धन भत्किएको र ७ वटै प्रदेशमा नेपाली कांग्रेसले नेतृत्व गर्नुपर्नेमा पहिलो पार्टी भएतापनि प्रतिपक्षमा बस्न बाध्य भएको त्यसको जिम्मेवारी कार्कीले नै लिनुपर्ने आरोप लगाउँदै कार्कीकै कारण नेपाली कांग्रेसले सरकार गुमाउनु परेको अर्यालको दावी छ ।

'पाटीका ४ नेताले मुख्यमन्त्री बनाउँछु भनेपछि म प्रदेशसभामा उठेको थिएँ । जनताले मलाई मत दिएर जिताउनु पनि भयो', अर्यालले भने, 'तिनै नेताले पछि मलाई हराउन चलखेल गरे ।'

शुक्रवार भएको कांग्रेस प्रदेश १ संसदीय दलको चुनावमा उनले दुई मत मात्रै प्राप्त गरेका थिए । नेता अर्यालले आफूलाई प्रस्तावक सोलुखुम्बुकी डोल्मा तामाङले मात्रै भोट हालेको पत्रकार सम्मेलनमा बताए ।

समर्थक बसेकी सुनिताकुमारी गुरुङ रामले भने आफूलाई भोट नहालेको उनको दाबी छ । सुनितालाई दबाब दिएर भोट हाल्न नदिएको उनको आरोप छ ।

संसदीय दलको चुनावमा तीन जना उम्मेदवार थिए । संस्थापन पक्षका अर्याल, नेता कृष्णप्रसाद सिटौला पक्षका उद्धव थापा र संस्थापन इतर पक्षका केदार कार्की बीच प्रतिस्पर्धा भएको थियो । दलको नेतामा १८ मत ल्याएर थापा निर्वाचित भए भने कार्कीले ९ मत र अर्याल २ मत पाएका थिए ।

## ग्रिन टी...

समस्या समाधान गर्ने पत्ता लागेको छ ।

पछिल्लोपटक जर्नल अफ द अमेरिकन हार्ट एशोसियसनमा नियमित ग्रिन टी उपभोग गर्नाले स्ट्रोकको खतरा कम हुने उल्लेख गरिएको छ । यस्तै, बेलायती अनुसन्धानकर्ताहरुले ग्रिन टीले प्रोस्टेट क्यान्सरविरुद्ध लड्न मद्दत पुऱ्याउने उल्लेख गरेका छन्। उनीहरुले ग्रिन टीसँगै ब्रोकाउली, बेसार तथा अनारले क्यान्सरविरुद्ध लड्न मद्दत पुऱ्याउने बताएका छन् ।




## प्रदेश १ को मुख्यमन्त्रीमा नेकपा माओवादीको दावी, वार्ता समिति गठन

विराटनगर । नेकपा (माओवादी केन्द्र) प्रदेश १ ले औपचारिक रुपमा मुख्यमन्त्रीमा दाबी गरेको छ । सो पार्टीको प्रदेश १ पदाधिकारी बैठकले यस्तो निर्णय गरेको हो ।

माओवादी केन्द्र प्रदेश १ का अध्यक्ष हर्कबहादुर नेम्वाङ (मिक्सो)ले एक विज्ञप्ति जारी गर्दै प्रदेश सरकार गठन र अन्य पार्टीसँगको सहकार्यका लागि वार्ता समिति समेत निर्माण गरेको जनाएका हुन् ।

'प्रदेश सरकारको नेतृत्व हाम्रो पार्टीले पाउनुपर्ने माग दाबी सहित पार्टीको शीर्ष नेतृत्व र सत्तासाझेदार दलहरुसँग छलफललाई अगाडि बढाउने निर्णय गरको विज्ञप्तिमा उल्लेख छ ।

त्यसैगरी प्रदेश सरकार गठन र अन्य सहकार्यका लागि पार्टीको तर्फबाट माओवादीका केन्द्रीय सचिव तथा प्रदेश इन्चार्ज राम कार्कीको संयोजकत्वमा वार्ता समिति समेत गठन गरिएको छ । समितिका अन्य सदस्यहरुमा इन्द्रबहादुर आङ्बो र हर्कबहादुर नेम्वाङ रहेका छन् ।

प्रदेश १ प्रदेशसभामा ९३ जना सांसद छन् । जसमा नेकपा एमालेका ४०, नेपाली कांग्रेसका २९, नेकपा माओवादी केन्द्रका १३, राष्ट्रिय प्रजातन्त्र पार्टीका ६, नेकपा एकीकृत समाजवादी का ४ र जनता समाजवादी पार्टीका एक जना सांसद निर्वाचित भएका छन् ।

कर तिरौं, राजश्व बढाऔं
कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।
अन्तरिक राजश्व कार्यालय विराटनगर

जाडाबाट बच्न निम्न उपायहरु अवलम्बन गरौं
- तातो झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं ।
- न्यानो कपडा लगाऔं । - घाम वा आगो तापौं ।
- तेल मालिस गरौं । - शारिरिक व्यायम गरौं ।
- बालबालिका, जेष्ठ नागरिक र असक्त सके सम्म चिसोको समयमा घर बाहिर ननिस्कौं ।
- ताजा र पौष्टिक खाने कुरा खाऔं ।
- जाडोबाट बच्ने नाममा धुम्रपान तथा मद्यपान नगरौं ।
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्य कर्मीसँग परामर्श लिऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### चुनावपछि बन्ने सप्तरंगी सरकार

*प्रतिनिधीसभा र प्रदेशसभा निर्वाचन भन्दा पहिले पाँच दलिय गठवन्धन बनाएर नेपाली काँग्रसका नेतृत्वामा सरकार संचालन भई रहेको थियो। सो गठवन्धलाई आधार बनाएर चुनावमा भिडिएका पाँच दलिय गठवन्धन निर्वाचनमा समेत गठवन्ध गरी उम्मेदवारी दर्ता गराएका थिए । जस अनुसार गठवन्धनमा रहेका नेपाली काँग्रेस पहिलो पार्टी वन्न सफल भए भने दोस्रो दलको पमा नेकपा (एमाले) को उपस्थिति रहको छ। भने परि वर्तन कारी शक्ति भनिएका नेकपा (माओवादी केन्द्र) तेस्रो शक्तिको रुपमा देखिए । त्यही गठवन्धनलाई पन्द्र वर्ष सम्मलाने भन्ने गरेका नेपाली काँग्रस र नेकपा (माओवादी केन्द्र) वीच सत्ताको नेतृत्व र कुर्सीको मोहले गठवन्ध फेरीएको छ । खास गरी छैठो पटक प्रधानमन्त्री वन्ने काँग्रेस सभापति देउवाका चाहना सहित राष्ट्रपतिमा रामचन्द्रलाई लाने सपना र पारिवारीक मोहका कारण प्रतिनिधी सभामा मात्र नभई सातवटै प्रदेशमा नेपाली काँग्रेस प्रतिपक्षमा बस्ने भएका छन् । दास्रो राष्ट्र दल बनेका नेकपा (एमाले) को समर्थनमा तेस्रो दल बनेका नेकपा (माओवादी केन्द्र) का अध्यष पुष्पकमल दहालको नेतृत्वा सरकार बन्ने भएको छ। जसमा राष्ट्र मान्यता प्राप्त सातवटा राजनीतिक दल अर्था त सप्तरंगी सरकार बन्ने भएका छन् ।*

*ती ६ वटा राजनीतिक दल र केही स्वतन्त्र सांसद सहित नयाँ गठवन्धनका सरकार वनाउन अहिले कसरत भई रहको छ। अहिलेको अवस्था हेर्दा सप्तरंगी रंगलाई एकै साथ लिएर जान आफैमा कठिन कार्य हो तर सप्तरंगी मिलेर लोभ, मोह, सत्ता, कुर्सीलाई नदेखर जनतको समस्याहरुलाई देखेर अगाडी बढेमा सप्तरंगी रंगले नयां विहानीका शूरुवात गर्दछ जसले आम नेपाली जनतामा नयाँ जोस, जागर, नयां रक्त संचार गर्दछ। मिल्ने नाममा भन्दा पनि मिलाउने नाममा जस्तोसुकै सौदाबाजी पनि गर्नेतर्फ दलहरू लाग्नु भनेको संसदीय राजनीतिलाई विद्रूप र बदनाम बनाउनु हो। त्यही दिशामा दलहरू कम्मर कसेर लागेका भान हुन थालेका छन् ।*

*अलिको अवस्था साना ठूला सवै दल मिलेर सकभर प्रतिपक्षीलाई समेत साथ सहयोग लिएर देश वनाउने सवैको अभिभारा हो भन्ने सोचका साथ अगाडी बड्नु पर्छ। बहुमत पुर्याउनकै निम्ती सांसद किनवेच, पार्टीका नेताहरुलाई प्रलोभन, गैरकाननी चक्रव्यू रचनु अहिलेको सरकारको दुर्भाग्य हुने छ । जनता अराजनितिक र असवैधानिक क्रियाकला, पाइला पिछे भष्टाचार, कर्मचारी तन्त्र, काममा ढिलासुस्तीले गर्दा आम नेपाली जनतामा निराशा फैलिएको छ । ती नराशालाइ आशामा बदल्न जनताका छोरा छोरी बाट निर्वाचि भएका सांसदहरु जनताकै लागि काम गर्न अग्रसरता देखाएमा देशमा समृद्धि र विकासको लहर ल्याउन सप्तरंग सरकार सफल हुनेमा कुनै दुईमत छैन ।*

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोर ञ्जन र भ्रमणको योग छ।**

**वृष** (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : **वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक** (**तो,ना,नि,नू,ने,नो,या,यि,यू**) : **बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# नेपालमा राजनीतिक 'संजीवनी बुटी' को खोजी

**सागर तिवारी**

नेपालमा संघीय गणतान्त्रिक संविधान कार्यान्वयनको पहिलो पाँच वर्ष सम्पन्न भएर दोस्रो कार्यकालको लागि निर्वाचन सम्पन्न भएको छ। अघिल्लो निर्वाचनको तुलनामा यसपालिको निर्वाचनले दिएको जनादेश भिन्न किसिमको छ।

दलहरूले गर्ने प्रतिबद्धताको प्रकृति पनि यसपालि भिन्न किसिमको थियो। अघिल्लो चुनावमा दलहरूले आर्थिक समृद्धिका छलाङ लगाउने सपना बाँडेका थिए, यसपालि बेफ्वाँकका ठूला गफ दिने प्रवृत्ति पातलियो ।

विगतमा नेकपा नामाकृत तत्कालीन वाम घटकलाई स्थानीय तहदेखि केन्द्रसम्म ठूलो जनमतले अनुमोदित गरेको थियो। सामान्य नागरिकले राजनीतिक परिवर्तनका मुद्दाहरूमा अल्झिन छाडेर, दैनिक जीवन सहज पार्ने आर्थिक गतिविधिमा केन्द्रित हुन पाउने अपेक्षा गरेका थिए । विकास निर्माणले एउटा उल्लासमय गति लिने अपेक्षा गरिएको थियो। तर पाँच वर्षको अन्त्यसम्म आइपुग्दा परिस्थितिले कोल्टे फेरेको छ ।

यसबीचमा दलहरू र लोकतान्त्रिक प्रणालीका शक्तिका स्रोत आम नागरिकहरूलाई समयले धेरै कुरा सिकाएको छ। आधुनिक संचारमाध्यमहरूको प्रयोग सीमित रहेका ग्रामीण समाजमा पुरानै दल र तिनका पुरानै अनुहारलाई खासै फरक नपरे पनि, शहरबजारतिर उनीहरूप्रति जनताको अविश्वास बढ्दै गएको छ ।

स्थानीय निर्वाचनमा केन्द्रीय राजधानी रहेको देशकै ठूलो शहरको मेयरमा एक स्वतन्त्र युवा निर्वाचित हुनुले जनताले केही फरक अनुभव गर्न चाहेको सन्देश दियो । प्रतिनिधिसभा निर्वाचनसम्म आइपुग्दा परम्परागत दलहरूसँग कुनै साइनो नरहेको छुट्टै स्वतन्त्र दल चौथो ठूलो राष्ट्रिय दलको रूपमा स्थापित भएको छ। देशमा वैकल्पिक राजनीतिक शक्तिको खोजी भइरहेको स्पष्ट सन्देश आएको छ ।

यसरी पुराना दलहरूमाथिको विश्वास घट्दै जानुमा धेरै कोणहरूबाट विश्लेषण भइरहेको छ । पार्टीभित्रैबाट हुने अन्तर घातहरूले पनि कैयन् ठाउँमा चुनावी नतिजा फरक परेको हुनसक्ने पनि समाचारहरू प्रकाशन भएका छन् । अनि, नेपाली समाजमा पुरानो 'पुस्ता' नै मूल अवरोधक रहेको निष्कर्ष निकाल्न सकिने अवस्था बनेको छ । तर केन्द्रमै युवाहरूको बिगबिगी रहेको नेपाली कांग्रेसले पनि बदलिंदो राजनीतिक परिस्थितिको अवसर अहिलेको लागि फुत्काएको छ ।

चुनावी प्रसारमा नयाँ पुस्ताका जोडी महामन्त्रीहरू चुनावी अभियानमा आफ्नै क्षेत्रमै सीमित रहे । अझ 'प्रोजेक्ट गभर्नमेन्ट' भन्दै प्रधानमन्त्रीकै दावी गरिरहेका महामन्त्री गगन थापाले आफ्नो निर्वाचन क्षेत्र बाहिर जिल्लाकै अन्य क्षेत्रमा समेत प्रचारप्रसारमा सहभागी हुन नसक्ने अवस्था सृजना हुनु कम्ती आश्चर्यजनक थिएन ।

अरु विरुद्ध अकर्मण्यताको भ्याली पिट्न सजिलो भए पनि आफूले जनताको लागि हासिल गरेका उपलब्धिहरूको आधारमै जनतामाझ जाने हैसियत उनीहरूलगायत कसैको थियो। त्यसो त विगत पाँच वर्ष उपलब्धि शून्य नै रहेन। तर उपलब्धिहरूको फेहरिस्त जस्तो भए पनि तारिफयोग्य हुन सकेन ।

करिब साढे तीन वर्ष सरकारको नेतृत्व गरेको एमालेले '४१ महिनाका ८२ माइलस्टोन' हरूको सूची तयार पारेको पनि थियो। तर अधिकांश जनताले त्यसलाई पत्याएनन् । बाँकी समय सरकारको नेतृत्व गरेको नेपाली कांग्रेसको घोषणापत्रले भने विगतका पाँच वर्षको समीक्षा अरुको खण्डनमै सीमित राख्यो ।

नयाँ शासकीय स्वरूपको कानुनी र प्रशासनिक संरचना तयार पार्ने महत्वपूर्ण कार्य सम्पादन गरिनुपर्ने बाध्यताले पनि अघिल्लो पाँच वर्ष विकास निर्माण क्रियाकलापहरूले गति लिन नसक्नु स्वाभाविक थियो। तर सत्ता सम्हालेकाहरूले यो तथ्य समेत आम नागरिकसँग पुर्याउन समेत चुकेका छन् ।

अबका दिनमा जनतामा भरिएको विकासको चाहनालाई सम्बोधन गर्न नसक्ने हो भने त्यसले अर्को राजनीतिक उथलपुथल ल्याउन सक्ने संभावनाहरू बलियो बन्दैछन् । यसप्रकारका अभिव्यक्तिहरू जिम्मेवार नेतृत्वबाटै समेत प्रकट हुन थालेका छन् ।

२००७ सालदेखि अहिलेसम्म आइपुग्दा कम्तीमा तीन पुस्ता नेपालीले राजनीतिक परिवर्तनको लागि आफ्नो दिनचर्या सहज बनाउने क्रियाकलाप सम्झौता गरेर राजनीतिक लडाईंमा आफ्नो अमूल्य समय समर्पण गरे। हुन पनि राजनीतिक अधिकार प्राप्त नहुँदासम्म अन्य प्राप्तिहरू पानीका फोका भैं हुन सक्छन् - केहीबेरमै छन्, केहीबेरमै छैनन् ।

हालै संसारका दोस्रो धनी व्यक्ति एलन मस्कलाई एक ट्वीटर प्रयोगकर्ताले राजनीतिक उल्झन मा नफस्न उत्तम हुने सुझाएका थिए। एलनको जवाफ थियो 'मानव सभ्यताको भविष्यको लागि गर्नैपर्छ, नत्र केहीले फरक पार्दैन ।'

अवश्य पनि राजनीतिले बेथिति निम्त्याउने हो भने अन्य आर्थिक सामाजिक अवयवहरू धरासायी हुन कति पनि समय लाग्दैन। उदाहरणको लागि हालैको श्रीलंकाको संकट अथवा संसारकै सबैभन्दा धेरै पेट्रोलियम को खानी रहेको दक्षिण अमेरिकी देश भेनेजुएलाको विगत एक दशकको आर्थिक दुर्दशा हेर्न सकिन्छ।

तर, पुस्तौं पुस्तासम्म पनि राजनीतिक उल्झनमा अल्मलिइ रहने छुट भने कुनै देशलाई पनि हुँदैन । लामो समयसम्म राजनीतिक द्वन्द्वमा फसेका मुलुकहरूले आशातित आर्थिक उपलब्धि हासिल गर्न सक्दैन। नेपाल पनि यस्तो मामिलामा अघिल्लो दर्जामै पर्छ।

नेपालको राजनीतिमा पनि अब लक्षण कम गर्ने 'सिटामोल' होइन वास्तविक रोग निको पार्ने मौलिक 'संजीवनी बुटी' खोजी गरिनुपर्ने बेला आएको छ। आम नागरिक, उद्यमी-व्यवसायी, पेशाकर्मी, कर्मचारीलगायत राज्यका सबै तह-तप्काको उत्साहित सहभागितामा राष्ट्रको सर्वाङ्गीण विकासको वातावरण तयार पार्ने बेला आएको छ ।

अब भने राजनीतिक खिचातानी मै रस्साकस्सी खेल्ने र भावी पुस्ताले समेत राजनीतिक अस्थिरताबीचमै आफ्नो जीवन गुजार्नुपर्ने अवस्थालाई निरन्तरता दिने छुट हामीलाई हुनुहुँदैन। राज्यले समयानुकूल, यथोचित क्रियाकलाप गर्न सक्ने हो भने यस्ता राजनीतिक भुमरीहरूबाट बाहिर निस्केर आम नागरिकको जीवन सहज पार्ने क्रिया कलाप हरूमा केन्द्रित हुन सकिन्छ ।

भनिन्छ, 'महान मस्तिष्कले विचारको बहस गर्छ, सामान्य मस्तिष्कले वस्तु वा स्थानको बयान गर्छ र लघु मस्तिष्कले व्यक्तिको कुरा गर्छ ।' हाम्रा नवनिर्वाचित विधायकहरूले पनि अब व्यक्तिगत लाभहानिको राजनीति भन्दा माथि उठेर, कुनै योजना वा परियोजना कार्यान्वयन भन्दा पनि अझ माथि, कुन नीति अवलम्बन गर्दा हामीले चाहेको आर्थिक-सामाजिक लक्ष्य हासिल हुन्छ भन्ने कुरामा आफूलाई केन्द्रित गर्नु जरुरी छ। योजना सफल पार्ने जिम्मेवारी क्रमशः स्थानीय, प्रादेशिक र संघीय कार्यकारीहरूको हो, उनीहरूलाई जनता र देशको हितमा काम गर्न दिने नीतिगत र कानुनी वातावरण तयार पार्नु विधायक हरूको जिम्मेवारी हो ।

पहिले आफ्नो जिम्मेवारी पूरा गरिनुपर्छ, त्यसपछि अरुका क्रियाकलापमा विना दक्खल हातेमालो गर्नु हो भने उत्पादन शील हुन सक्छ । आफ्नो जिम्मेवारी पूरा नगर्ने र शक्तिको आडमा अरुको अख्तियारीमा अनावश्यक हस्तक्षेप गर्ने क्रियाकलापहरू बेथिति र भ्रष्टाचारका जननी हुन पुग्छन् ।

जस जति आफूले लिने र दोष जति अरुलाई दिने विगतको प्रवृत्तिलाई इतिहासमै सीमित पार्न जरुरी छ। व्यक्ति वा गुट-उपगुटललाई होइन, जनता र राष्ट्रलाई केन्द्रविन्दुमा राखेर सोच्ने संस्कारको विकास अहिलेको नेपालको अग्रपथको पहिलो शर्त हो ।

अबका राजनीतिक मामिला का संवादहरू विचारकेन्द्रित,

वांकी पांच पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

वांकी ५ पेजमा...

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# ग्रिन टी मा लाभकारी प्रकृतिका तत्व पोलिफेनलको फाईदा

ग्रिन टी अक्सिडाइज नगरिएका पत्तीबाट बनाइन्छ र प्रशोधन पनि कम हुन्छ, त्यसैले यसमा एन्टिअक्सिडेन्ट तत्व बढी हुन्छ र लाभकारी प्राकृतिक तत्व पोलिफेनल हुन्छन्।

ग्रिन टी भारत र चीनमा रगत रोक्न, घाउ निको पार्न, पाचन प्रणालीलाई मजबूत पार्न, मुटु तथा मानसिक स्वास्थ्य तथा शरिरको तापक्रम नियमित राख्न औषधिको रुपमा प्रयोग गरिन्छ। पछिल्ला अनुसन्धानले ग्रिन टीले तौल घटाउने देखि लिएर कलेजोको समस्या तथा टाइप टु डाइबेटिजसम्मका लागि पनि सकारात्मक असर पर्ने पुष्टि गरेका छन्।

चिनी नहालिएको ग्रिन टीमा जिरो क्यालोरी हुन्छ। यसमा क्याफिनको मात्र निकै थोरै हुन्छ, उदाहरणका लागि एक कप ब्ल्याक टीमा क्याफिनको मात्रा ५० मिलिग्राम हुन्छ, कफीमा ९५ मिलिग्राम हुन्छ भने ग्रिन टीमा २० देखि ४५ मिलिग्राम मात्र हुन्छ। ग्रिन टी संभवत: विश्वमै सबैभन्दा स्वस्थ पेय मानिन्छ जसमा अन्य चियामा भन्दा उच्च एन्टिअक्सिडेन्ट हुन्छन्। यसमा पोलिफेनल्स नामक प्राकृतिक रासायनिक पदार्थ हुन्छन् जसमा क्यान्सर तथा जलन निवारण गर्ने क्षमता हुन्छ।

नेशनल क्यान्सर इन्सिच्युटका अनुसार ग्रिन टीमा पाइने पोलिफेनलले ट्युमर घटाउन मद्दत गर्छ र पराबैजनी किरणबाट हुने क्षतिबाट बचाउँछ। ग्रिन टी उपभोग बढी हुने देशमा क्यान्सरको दर पनि कम भएको पाइएको छ। तर, क्यान्सर घट्ने कारण ग्रिन टी नै हो कि त्यहाँका मानिसको जड हो भन्ने बारेमा पनि अझैं पनि स्पष्ट भैसकेको छैन। अध्ययनहरुमा ग्रिन टी उपभोग नगर्नेभन्दा गर्नेमा प्याङक्रियाटिक क्यान्सर हुने सम्भावना ५० प्रतिशत कम भएको पत्ता लागेको थियो।

ग्रिन टीले महिलाहरुको स्तन, ब्लाडर, पाठेघर, फोक्सो, प्रोस्टेट, छाला तथा पेटको क्यान्सरमा सकारात्मक प्रभाव पारेको पाइएको थियो। अनुसन्धानकर्ताहरुले के विश्वास गरेका छन् भने ग्रिन टीमा पाइने पोलिफेनल तत्वले क्यान्सरयुक्त कोषिकाहरु मार्न सहयोग पुऱ्याइ बढ्नबाट बचाउँछ।सन् २००६ मा अमेरिकन मेडिकल एशोसियसनको जर्नलमा प्रकाशित अनुसन्धानमा निष्कर्ष निकालिएको छ- ग्रिन टीको उपभोग मुटुजन्य रोगबाट हुने मृत्युदरलाई कम गर्नेसंग संबन्धित छ। यो अध्ययनका क्रममा ४० देखि ७९ वर्षबीचका ४० हजार जापानीलाई ११ वर्षसम्म अध्ययन गरिएको थियो। दैनिक ५ कपसम्म ग्रिन टी खाने मानिसलाई तुलनात्मक रुपमा मुटु संबन्धी रोग कम लागेको पाइएको थियो। यस्तै, अर्को अध्ययनमा दैनिक १० कपसम्म ग्रिन टी खानेमा कोलेस्टेरोल कम भएको पाइएको थियो, तर, दैनिक ४ कप वा सोभन्दा कम खानेमा कोलेस्टेरोल लेबलमा कुनै परिवर्तन आएको थिएन।

अध्ययनहरुले ग्रिन टी सेवन गर्नाले टाइप टु डायबेटिज हुने सम्भावना कम रहेको पाइएको छ। तर, केही अनुसन्धानकर्ताले भने ग्रिन टी उपभोग र डायबेटिजमा कुनै संबन्ध नरहेको दाबी गरेका छन्।

केही अध्ययनमा ग्रिन टीको कारणले तौल घटेको पाइएको थियो, तर, तौल घटाउन ग्रिन टी नै लाभकारी हुने कुरा भने महत्वपूर्ण नभएको केही अनुसन्धानकर्ताको भनाई छ। यस्तै, अर्का अध्ययनहरुले ग्रिन टीले दाँतको सडन, छालाको समस्या, आर्थराइटिसजस्ता

वांकी अन्तिम पेजमा...

# कृषि तथा औद्योगिक अन्तर्राष्ट्रिय प्रदर्शनी अर्थात विराट एक्सपो सम्पन्न

विराटनगर। उद्योग संगठन मोरंगको आयोजनामा मंसिर २९ गते प्रारम्भ गरको कृषि तथा औद्यागिक अन्तर्राष्ट्रिय प्रदर्शनी 'विराट एक्सपो' सम्पन्न भएका छन्।

'विराट एक्सपो' समापन समारोहका प्रमुख अतिथी प्रदेश १ का मुख्य मन्त्री राजेन्द्र कुमार राईले भने औद्योगिक नगरी विराटनगरका उद्योगी व्यवसायीहरुले प्रदर्शनी स्थलको माग गरिएपछि सो उपलब्ध गराउन नसकेकोमा चिन्ता व्यक्त गर्दै प्रदर्शनी स्थलन बनाउन प्रदेश सरकार, स्थानीय सरकार र निजी क्षेत्रको सहकार्यमा प्रदर्शनी स्थल निर्माण गर्नु पर्ने वताए।

मुख्यमन्त्री राईले खाली कृषिका कुरा मात्रै नगरी कृषिबाट उत्पादित कच्चा पदार्थलाई औद्योगिक उत्पादनमा बदल्नु आवश्यक रहेको उनले बताए। उद्योग संगठन मोरङका अध्यक्ष सुयस प्याकुरेलले संगठनले २०५३ सालदेखि निरन्तर रुपमा एक्स्पो आयोजना गर्दै आए पनि एक्स्पो आयोजनाका लागि स्थायी स्थलको अभाव खडकिरहेको बताए।



मायोको चिनो प्रदान गर्दै उद्योग संगठन मोरंगका अध्यक्ष सुयश प्याकुरेल। तस्वीर : मंजु शर्मा

आर्थिक एवं औद्योगिक विकास प्रवर्द्धन गरी आर्थिक गतिविधिलाई चलायमान वनाउने उद्देश्यले आयोजना गरेको एक्स्पोमा प्रदर्शक, प्रयोजक र दर्शकको उत्साहजनक सहभागिता भएको उद्योग संगठन मोरंगका अध्यक्ष सुयश प्याकुरेले वताए।

एक्स्पोको अवधिमा ६ वटा थिममा २१ वटा प्राविधिक सत्रहरु संचालन गरिएको थियो। एक्स्पोमा उत्पादन लागत घटाउन, लगानी बिस्तार गर्न, अग्र तथा पृष्ठ अन्तर सम्बन्ध कायम गर्न तथा नवप्रर्वतक उद्यमशिलताको विकासका लागि नीतिगत रुपमा सम्बोधन गर्नुपर्ने विषयहरुमा छलफलस समेत भएको थियो।

त्यसैगरी ५७ जना विज्ञहरुको उपस्थितिमा भएको प्रत्येक थिमेटिकल सेसनमा देखिएको उल्लेख्य सहभागिता र विज्ञहरुबाट भएको प्रस्तुतीले एक्स्पोलाई अन्तर्राष्ट्रिय स्तरको बनाउन सफल भएको आयोजकले दावी गरका छन्।

प्रचार प्रसार समितिका संयोजक नन्दकिशोर राठीले भने एक्स्पोमा करिब १५ करोड रुपैयाँको कारोबार भएको छ भने ११ दिनसम्म सञ्चालन भएको एक्स्पोमा ३ लाखभन्दा बढी दर्शकले अवलोकन गरेको वताए।

एक्सपोमा सहभागी उद्योगी व्यवसायीहरुलाई सम्मान पत्र र एक्सोमा सहयोग गर्ने संचार संस्था, विभन्न समितिका संयोजकहरु र अतिथीहरुलाई मायाको चिनो प्रदान गरिएको थियो।

# प्रदेश सभाको प्रथम अधिवेशन पुस १७ को लागि आह्वान



विराटनगर। प्रदेश नं. १ मन्त्रिपरिषद्को बैठकले प्रदेश सभाको प्रथम अधिवेशन २०७९ पुस १७ गतेका लागि आह्वान गर्न प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने निर्णय गरेको छ।

मुख्यमन्त्री राजेन्द्रकुमार राईको अध्यक्षतामा बसेको बैठकले नेपालको संविधानको धारा १८३ को उपधारा(१) बमोजिम प्रदेश सभाको प्रथम अधिवेशन २०७९ पुस १७ गते आइतबार अपरान्ह १ बजेका लागि आह्वान गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको हो।

प्रदेश सरकारका प्रवक्ता एवं यातायात व्यवस्था तथा सञ्चार मन्त्री उपेन्द्रप्रसाद घिमिरेले आज बसेको मन्त्रिपरिषद् बैठकले प्रदेश सभाको प्रथम अधिवेशन आह्वान गर्न नेपालको संविधानको धारा १६६ को उपधारा (२) बमोजिम माननीय प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको बताउनु भयो।

प्रदेश प्रमुखले प्रदेश सभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले २० दिन भित्र प्रदेश सभाको अधिवेशन आह्वान गर्नेछ भन्ने संवैधानिक व्यवस्थाबमोजिम प्रदेश सरकार मन्त्रिपरिषद्ले बैठक आह्वानका लागि प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको हो।

बैठकमा प्रदेश सभा आह्वान बाहेकका कार्यसूची नभएकाले अन्य कुनै निर्णय नभएको मन्त्री घिमिरेले बताउनु भयो।


## हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख बिरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थलमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

जहदा गाउँपालिकाको कार्यालय मझारे, मोरंग, प्रदेश १




क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# पाँच प्रहरी कार्यालयको नवनिर्मित भवन समुद्घाटन

विराट नगर । साताभरीमा प्रदेश १ का पाँचवटा प्रहरी कार्यालयको नव निर्मित भवनहरु समुद्घाटन भएका छन् ।

समुद्घाटन हुने नव निर्मित भवनहरुमा शनिवार ईलाका प्रहरी कार्यालय अमरपुर पाँचथर, प्रहरी चौकी थुम्वेदिन ताप्लेजुङ, प्रहरी चौकी खेवाङ ताप्लेजुङ, ईलाका प्रहरी कार्यालय दोभान ताप्लेजुङ, ईलाका प्रहरी कार्यालय आठराई तेह्रथुम सहितको नव-निर्मित कार्यालय भवनको १ नम्बर प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक सुदिप गिरीबाट समुदघाटन सु-सम्पन्न भएका छन् ।

भवन उद्घाटनको क्रममा कार्यक्रमलाई सम्वोधन गर्नु हुदै १ नम्बर प्रदेश प्रमुख प्रहरी नायव महानिरीक्षक गिरीले २४ सै घण्टा ड्युटीमा रहनु पर्ने प्रहरी कर्मेचारीहरुलाई भौतिक सुविधा सम्पन्न भवनले थप मनोबल बढ्ने र कार्यक्षेत्रमा समेत हौसलाका साथ प्रहरी चुस्त र दुरुस्त भई नागरिकको सुरक्षामा खटिन कार्यरत सम्पुर्ण प्रहरी कर्मचारीहरुलाई निर्देशन समेत दिनु भएको थियो । साथै वहाले भवन निर्माण कार्यमा सहयोग पुर्याउनु हुने व्यक्तित्वहरुलाई कदर पत्रले सम्मान गर्नु भएको थियो ।

क्रमश नव-निर्मित भवन १ नम्बर प्रदेश सरकार, आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट बिनियोजित रकम १ करोड ८३ लाख ८८ हजार १९ रुपैंया, १ करोड ८५ लाख ७२ हजार १ सय ५० रुपैंया ४१ पैसा, २ करोड ५७ लाख ५६ हजार ३ सय ४७ रुपैंया, २ करोड ६९ लाख ५ सय ४५ रुपैयाँ लागतमा निर्माण सम्पन्न भएको हो ।

उक्त उदघाटन कार्यक्रममा स्थानीय जन प्रतिनिधिहरु, नागरिक समाज तथा स्थानीयबासीहरु समेतको उपस्थिति रहेको थियो ।

## गाँजा मुद्दाका फरार प्रतिवादी पक्राउ

बिराटनगर । १ नम्बर प्रदेश प्रहरी कार्यालय (रिट) समुहको प्रहरी टोलीले लागुऔषध गाँजा मुद्धाका एक जना फरार प्रतिबादीलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा धरान उप-महानगरतपालिका-१३ सुनसरीका ३४ बर्षीय गुमान राई रहेको छ । लागुऔषध गाँजा मुद्धामा सम्मानित सुनसरी जिल्ला अदालतको मिति २०७८ फागुन २३ गतेको सजाय निर्धारण फैसला आदेशले ९ महिना ४ दिन कैद र ५ हजार ५ सय रुपैयाँ जरिवान बेरुजु रहि फरार रहेका राईलाई विहीवार पक्राउ गरिएको थियो ।

गाउँघरमा नै लुकीछिपी बसेको अवस्थामा प्रहरी टोलीले पक्राउ गरी सम्मानित सुनसरी जिल्ला अदालतमा दाखिला गरेकोमा कैद भुक्तानको लागि झुम्का कारगार पठाईएको छ ।


सार्वजनिक सूचना

आ-आफ्नो क्षेत्रमा भएका सामाजिक घटना (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्ध विच्छेद आदि) नजिकको पकािधिकारीको कार्यालय (गाउँपालिका वा तोकिएको वडा कार्यालयहरु) मा दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं । स्थानीय निकायलाई अभिलेख दुरुस्त राख्न सहयोग गरी नागरिकको दायित्व पूरा गरौं ।

ग्रामथान गाउँपालिकाको कार्यालय मोरंग, प्रदेश १



लागुऔंषध रहित परिवार : स्वस्थ जीवनको आधार

लागुऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य विग्रन्छ । लागुऔषधको उत्पादन, संचय, ओसार-पसार, विक्री वितरण तथा सेवन कानूनत दण्डनीय छ । गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं । स्वस्थ र सुखी परिवारको लागि लागुऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

विराटनगर महानगरपालिका, प्रदेश १


# अर्थमन्त्रीको अनुरोधमा उद्योगी व्यवसायीहरुको धर्ना स्थगित

बिराटनगर । नव गठित मन्त्री परिषद्का अर्थ मन्त्रीमाननीय विष्णु प्रसाद पौडेलको अनुरोधमा नेपाल राष्ट्र बैंक अगाडीको निरन्तर धर्नालाई उद्योगी व्यवसायीहरुले तत्कालका लागि स्थगित गरेका छन् ।

धर्नालाई स्थगित गर्दै मोरंग व्यापार संघका अध्यक्ष नवीन रिजालको नेतृत्वमा वार्ता टोली काठमाडौं गई माननीय अर्थ मन्त्रीलाई समक्ष विद्यमान चर्को बैंक व्याजदर, प्रतिकूल बैंकिङ नीति र समसामयिक समस्या हरुको तत्कालै निराकरण गर्नअनुरोध गरेको छन् ।

भेटवार्ताका क्रममा रिजालले माननीय अर्थ मन्त्री समक्ष बैंकका पछिल्ला प्रतिकूल व्यवस्थाहरुबाट उद्योगी/व्यवसायी र आम सर्वसाधारण हरुमा उत्पन्न भएको असहज वातावरण बारे जानकारी गराउँदै तिनका समाधानका लागि सम्बन्धित निकायलाई तत्काले निर्देशन दिन अनुरोध गर्दै ज्ञापनपत्र समेत हस्तान्तरण गरेका छन् ।



अर्थ मन्त्रीमाननीय विष्णु प्रसाद पौडेललाई उद्योगी व्यवसायीले ज्ञापनपत्र बुझाउँदै ।

विद्यमान बैंकिङ लगायतका समस्याहरु र ज्ञापनपत्र बुझी माननीय अर्थमन्त्रीले आफू निजी क्षेत्रका समस्याहरु प्रतिगम्भिर रहेकाबताउँदै त्यसलाई प्राथमिकताका साथ तत्कालै समाधान गर्ने प्रतिवद्धता जाहेर गर्नु भएको छ ।

आफूले भर्खरै पदभार सम्हालेको भन्दै अर्थ मन्त्रील नेपाल राष्ट्र बैंकका गर्भनर, अर्थ मन्त्रालयका सचिव लगायतलाई समेत सो भेटवार्तामा उपस्थित गराएकोले निजी क्षेत्रले भोगिरहेका विद्यमान समस्याहरु को अध्ययन एवं समाधानक लागि तत्कालै आवश्यक कदम चालिने समेत आश्वास दिएका छन् ।

उक्त टोलीमा उद्योग संगठन मोरङ, नेपाल उद्योग परिसंघ, प्रदेश नं. १, नेपालगंजउद्योग वाणिज्य संघ, वीरगंजउद्योग वाणिज्य संघ, सिद्धार्थनगर उद्योग वाणिज्य संघ, काठमाडौं उद्योग वाणिज्य संघ सहितविराट व्यापार संघ, नेपाल घरेलु तथा सानाउद्योग महासंघ, मोरङ, नाडा अटो मोवाईल्स एशोसिएशन अफ नेपाल प्रदेश नं. १, नेपाल मुद्रण उद्योग महासंघ प्रदेश नं. १, नेपालवन पैदावार उद्योग व्यवसायी संघ, प्रदेश नं. १, ईट्टा व्यवसायी संघ, प्रदेश नं. १, निर्माण व्यवसायी महासंघ प्रदेश नं. १ ,नेपाल औषधी व्यवसायी संघ, प्रदेश १, नेपाल मत्स्यपालन किसान संघ, प्रदेश नं. १, नेपाल सुन चाँदीव्यवसायी संघ, मोरङ, एल. पि. ग्यास विक्रेता संघ, मोरङ कोशीअञ्चल इटा उद्योग व्यवसायी संघ, विराटनगर हार्डवेयर संघ, निर्माण व्यवसायी संघ मोरङ, मोरङ इलेक्ट्रिक संघ, नेपाल कपडा व्यवसायी संघ, नेपाल सोनार समाज समिति, जुत्ताचप्पल व्यवसायी संघ, नेपाल युवाउद्यमीमञ्च, नेपाल मुद्रण उद्योग संघ, मोरङ, गृल तथा स्टील व्यवसायी संघ, पेट्रोलियम डिलर्स एसोशिएसन, खुद्राव्यापार संघ, होटल तथा पेय पदार्थ व्यवसायी संघको उपस्थिति रहको थियो ।

त्यसैगरी यातायात महा संघ, टिपर व्यवसायी संघ, ट्रान्स पोर्ट एसोसिएशन, विराटनगर ट्रक व्यवसायी संघ, विराटनगर एशोसिएसन अफ ट्राभल्स एजेन्ट, कवाडी संघ मोरङ, रंगेलीउद्योग वाणिज्य संघ, सुन्दर हरैचा उद्योग वाणिज्य संघ, पथरी उद्योग वाणिज्य संघ, लेटाङ उद्योग वाणिज्य संघ, बेलबारी उद्योग वाणिज्य संघ, उर्लाबारी उद्योग वाणिज्य संघ, मिक्लाजुंग व्यापार प्रबन्ध समिति, इटहरा उद्योग वाणिज्य संघ, केराबारी व्यापार प्रबन्ध समिति र पूर्वका विभिन्न वस्तुगत संघका अध्यक्ष एवं प्रतिनिधीहरुको उपस्थिति एवं प्रतिनिधित्व रहेको थियो ।

# कानून व्यवसायीको १६ औं साधारण सभा सम्पन्न



नेपाल लेखापढी कानून व्यवसायी एशोसिएसन इकाई समिति विराटनगरले १६ औं वार्षिक साधारण सभामा राष्ट्र गानमा सहभागी ।

विराटनगर । नेपाल लेखापढी कानून व्यवसायी एशोसिएसन इकाई समिति विराटनगरले १६ औं वार्षिक साधारण सभा सम्पन्न गरेका छन् ।

साधारण सभाका प्रमुख अतिथी नेपाल लेखापढी कानून व्यवसायी एशोसिएसनका प्रदेश १ अध्यक्ष यूवराज कार्की (पर्वत) ले दियोमा वत्तीवाली साधारण सभाको खुल्ला सत्रको उद्घाटन गर्दै अन्य पेशाहरु जस्तै लेखापढी कानून व्यवसायीले गर्ने कामहरु पनि डिजिटल हुँदै गएकोले सोही अनुसार आफूलाई पनि समाय अनुसार दक्षता अभिवृद्धि गर्दै लैजानु पर्ने वताएका छन् ।

आफ्नो पेशागत दक्षतालाई समय अनुकुल परिवर्तन गरी व्यवसायीक मर्यादामा रही व्यवसायलाई पनि आधुनिकतामा ढाल्दै अर्ध न्यायिक निकायहरुमा भईरहको विकृतीलाई हटाउन हामी सम्पूर्ण लेखापढी कानुन व्यवसायीहरु एकजुट भई विकृती र विसंगतीहरुलाई निर्मूल पार्न अग्रसर हुनपर्ने वहाँको भनाई थियो ।

त्यसैगरी एशोसिएसनका केन्द्रिय सदस्य हरि प्रसाद पोखरेलले भने ठूलो ठूलो कागजमा लेखेर रजिष्ट्रेसन पास गर्नै वेला कसैको पनि हातमा मोवाईल, इन्टरनेट थिएन । त्यसैले घन्टौ हातले लेख्नु पर्ने वाध्यता थियो । त्यो जमाना गयो अहिले सवैको हातमा मोवाईल, इन्टरनेट रहको छ । पहिले जस्तै ढढ्ढा पल्टाउनु पर्दैन एउटा वटम थिचे पुग्छ । यो भनेको पेशामा आधुनिकता आएको हो त्यसैले सोही अनुसार आ-आफ्नो क्षमता अभिवृद्धि गर्दे आफूलाई पनि परिवर्तन गर्दै जानुपर्ने वताए ।

सोही कार्यक्रममा लेखापढी कानून व्यवसायीमा आवद्ध सदस्यहरुको सन्तानले सामुदायिक विद्यालयवाट सबभन्दा वढी अंक ल्याउने एसइइ उर्तिण गर्ने रमेश कुमार यादवको छारी आरती कुमारी यादवलाई उत्कृष्ट विद्यार्थी प्रमाणपत्र र नगद सहित सम्मान गरेका थिए ।

त्यसैगरी नेपाल लेखापढी कानून व्यवसायी एशोसिएसन इकाई समिति विराटनगरका सदस्यहरु मध्ये सबभन्दा वढी लिखत पास गर्ने क्रमश १० जनालाई डायरी र कलम उपहार दिएर सम्मान गरेका थिए ।

उक्त साधारण सभा नेपाल लेखापढी कानून व्यवसायी एशोसिएसन इकाई समिति विराटनगरका अध्यक्ष कंचन न्यौपानेको अध्यक्षतामा सम्पन्न भएको थियो ।




## जनप्रियद्धारा छात्रवृति वितरण

विराटनगर। जनप्रिय माध्यमिक विद्या लय कटहरीद्वारा विद्यार्थी हरूलाई छात्रवृत्ति वितरण गरिएको छ।

आर्थिक वर्ष २०७८/०७९ को १ लाख ४२ हजार रकम विद्यार्थिलाई छात्रवृत्ति बाँडिएका छन्।

कक्षा १ देखि कक्षा ८ सम्मको छात्र - छात्रालाई ४ सय, दलितलाई ४ सय र सिमान्तकृतलाई ५ सयको दरले सो रकम बुधवार वितरण गरेको हो।

छात्रवृत्ति वितरण वितरण कार्यक्रममा कटहरी गाउँपालिका अध्यक्ष देवराज चौधरि, वडा नम्बर ३ अध्यक्ष जदुलाल कामत लगायत विद्यालयका शिक्षक शिक्षिकाहरु उपस्थिति रहेको जनप्रिय मा. वि. का प्राद्ययापक राजकुमार चौधरिले वताए।

## डाक्टरको गल्तीले यौनाङ चट

हामीकहाँ कहिलेकाहीं अस्पतालमा डाक्टरको लापरवाहीले बिरामीको ज्यान गएको, उपचारमा उल्टोपाल्टो भएको घटना सुनिएकै हुन्छ। तर यस्तो घटना नेपालमा मात्र होइन, युरोपेली मुलुक फ्रान्समा पनि भएको छ।

त्यहाँ डाक्टरहरुको ठूलो गल्तीका कारण एक युवकले आफ्नो यौनांग पूर्णरुपमा गुमाउनु परेको छ। डाक्टरको गल्तीले युवकको यौनांग नै काटिएको उक्त घटनामा अदालतले फैसला गर्दै ती पीडित युवकलाई करिब ९० लाख रुपैयाँ बराबरको क्षतिपूर्ति दिन अस्पताललाई आदेश दिएको छ।

उक्त घटनाका विषयमा पीडित युवकले स्थानीय एक फ्रेन्च न्युजपोर्टलसँगको कुराकानीमा भनेका छन्, 'मलाई त्यो डाक्टरसँग घृणा लाग्छ। त्यसले मेरो कुरा बिल्कुलै सुनिरहेको थिएन। उनले मेरो उपचारका लागि एउटा खतरनाक विधि छान्यो।'

ती युवकको सन् २०१४ मा नानटेस विश्वविद्यालय अस्पतालमा भएको थियो। उनी तीन सन्तानका पिता हुन्। त्यतिबेला उनी ३० वर्षका थिए। जाँचका क्रममा उनमा कार्सिनोमा भनिने एक प्रकारको क्यान्सर भएको पत्ता लाग्यो।

अदालतमा भएको सुनुवाइका क्रममा उनले आफ्नो शल्यक्रियाका क्रममा डाक्टरले गरेको गल्तीले गर्दा आफ्नो यौनांगमा क्यान्सर फैलिएको बताए। जसकारण उनको यौनांग निकै दुख्न थाल्यो। पीडा यतिधेरै थियो कि एकपटक त उनी आफैंले आफ्नो लिंग काट्ने प्रयाससम्म गरेका थिए तर पत्नीले रोकिन्।

डाक्टरका अनुसार एक वर्षमै उनको यौनांगमा यतिधेरै क्यान्सर फैलिसकेको थियो कि यौनांग नै काटेर फ्याँक्नुको विकल्प नै थिएन। यदि त्यसो नगरिएको भए उनको शरीरभर क्यान्सर फैलिएर मृत्यु हुन सक्थ्यो। तर हाल आएर चाहिं डाक्टरहरुले उनको रोग पत्ता लगाउन नसकेको पुष्टि भएको छ।

जसअनुसार अदालतले ती युवकलाई क्षतिपूर्तिबापत ६१ हजार युरो रकम दिन आदेश दिएको छ। युवकका वकिलले भने अदालतसमक्ष करिब १५ करोड रुपैयाँ बराबरको रकम क्षतिपूर्ति माग गरेका थिए। क्षतिपूर्ति रकम कम दिइएको र मनोवैज्ञानिक क्षतिको कुनै ख्याल नगरिएको भन्दै युवकका वकिलले पुनरावेदन गर्ने जनाएका छन्। एजेन्सीको सहयोगमा


हार्दिक अनुरोध

- सार्वजनिक स्थळमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचाळन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थळमा फोहर नफाळौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

धनपालथान गाउँपालिकाको
कार्यालय, कर्सिया
मोरंग, प्रदेश १





यो धुम्रपानको आदत सजिलो तरीकाले कहाँ छुट छ,,
पहिले सिग्रेट हामी फुक्छौ, फेरी सिग्रेट हामीलाई
फुकि हाल्छ ।


## नेपाल तर्फ अवैध रूपमा ल्याउँदै गरेका सामानहरु बरामद

विराटनगर। मोरङको बिराट नगर महानगरपालिका वडा नं. १६ र १७ स्थितबाट प्रहरीले भन्सार छली गरी नेपाल तर्फ अवैधरुपमा ल्याउदै गरेको बिभिन्न प्रकारका सामानहरु बरामद गरेको छ।

आईतवार राती इलाका प्रहरी कार्यालय रानी र इलाका प्रहरी कार्यालय बुधनगरबाट खटि गएको गस्ति टोलीले बिभिन्न प्रकारका स्टकोटको कपडा, झुल, गलबन्दी, जुत्ता, चप्पल, मोजा, ग्याँस चुल्होको सामान, पुजाको सामग्री, मोटर पार्टस, प्लास्टिकको कुर्सी, रुद्राक्षको दाना २ बोरा लगायत करिव ७ लाख ४७ हजार बरावरको सामग्रीहरु बरामद गरेको थियो।




प्रहरी गस्ति टोलीलाई देखेर फरार भएका थिए।

त्यसै गरी जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी गस्ति टोलीले बिराटनगर वडा नं. १४ र १५ स्थितबाट अवैधरुपमा भन्सार छली गरी ल्याउदै गरेको बिभिन्न प्रकारका लत्ता कपडा र ८० हजार बरावरको सामन बरामद गरेको थियो।

इलाका प्रहरी कार्यालय मायागंजबाट खटिएको गस्ति टोलीले १५ हजार बरावरको रेडिमेड कपडा र इलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको बरावरको खाध्यान्नका सामग्री बरामद गरेको थियो।

उक्त बरामद भएका सामग्रीहरुलाई आवश्यक कारवाहीको लागि बिराटनगर भन्सार कार्यालयमा बुझाईएको छ।

## नेपालमा...

रचनात्मक, परिणाममुखी, मैत्री पूर्ण, परानुभूति प्रकट गर्ने खालका हुनु जरुरी छ। कुनै पनि नेपालीले एकअर्काप्रति वैरभाव वा पूर्वाग्रह किन राख्ने ? हामीले हाम्रा छाती चौडा बनाएर सबैलाई अँगाल्ने र एकजुट भएर नेपाली आमाको मुहारमा चमक ल्याउने क्रियाकलाप गर्नु नै बुद्धिमतापूर्ण हुन्छ।

त्यसो त, समाजमा भइरहेका कुकृत्यहरूको भण्डाफोर नगर्ने भन्न खोजिएको भने होइन। अनि अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको सुन्दरता हो र त्यसको भरपूर प्रयोग गर्नैपर्छ। समाजका व्यभिचारी, भ्रष्टाचारी, नकारा त्मक गतिविधि त जरैदेखि उखेल्ने गरी उदाङ्गो पार्नैपर्छ, चाहे त्यो आफ्नै परिवार वा छिमेकको किन नहोस्।

एउटा दन्त्य कथाका अनुसार दुईजना छिमेकीका बच्चाहरूले गाउँबाट केही चोर्छन्। पहिलो घरका अभिभावकले आफ्नो बच्चाको कमजोरी लुकाउँछन्, दोस्रो घरकाले सच्याउँछन्। पहिलो घरको बच्चा भविष्यमा पेशेवर चोर बन्छ। दोस्रो घरको बच्चा भविष्यमा कर्मठ सज्जन। त्यसैले समाज सुधार्ने हो भने हामीले आफू र आफ्नै घरबाट सुरुवात गर्नैपर्छ, त्यसको विकल्पै छैन। महात्मा गान्धी भन्ने गर्थे 'संसार परिवर्तन गर्नु छ भने आफैंबाट सुरु गर'।

एकछिन समय लिएर यी प्रश्नको उत्तर खोज्ने प्रयास गरौं। नेपालका तमाम समस्या समाधान गर्ने चाहना कसलाई नहोला ? सीमा समस्या समाधान, रोजगारी, गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य इत्यादि कसको चाहना नहोला ? विश्वस्तरीय विकासका पूर्वाधारहरू नेपालमा निर्माण गर्ने चाहना कसलाई छैन होला ?

आम नागरिक, साना किसान र श्रमजीवी वर्ग समृद्ध हुने परिस्थिति कसलाई प्यारो नलाग्ला ? स्वदेशी उत्पादन नै खपत गर्न पाउँदा को खुसी हुँदैन होला ? सबैका घरघरमा स्वच्छ पिउने पानी कसलाई चाहिंदैन ? सुकुम्बासी समस्या समाधान गर्न कसलाई मन नहोला ? विश्वसामु नेपालीको शिर ठाडो भएको हेर्न, विगतदेखि वर्तमानसम्म नेपाली गौरवगाथा सुनाउँदै हिंड्न कसलाई मन नलाग्ला ?

समतामूलक, समृद्ध, न्यायिक राज्य कसको चाहना होइन ? तमाम समस्या समाधान भएको कसले नचाहला ? सबैले एक-अर्कालाई सहयोग र सद्भाव गर्ने संस्कार कसलाई प्रिय नहोला ? जस्ता समस्या आइपरे नि आफैं समाधान गर्ने क्षमता विकास गर्दा को खुसी नहोला ? सत्ता बाहिर बस्दा समाधान चाहने सत्तामा पुगेपछि समस्या बल्झाउने चाहना कसैको होला ? राजालाई ? लोकतन्त्र वादीलाई ? समाज वादीलाई ? कम्युनिष्ट हरूलाई ? स्वतन्त्रहरूलाई ?

तर आम नागरिकमा त सरकारमा जो गए पनि ती समस्याहरू झन् बल्झाउने खेल खेलेको मनोविज्ञान व्याप्त छ त ! यस्तो किन ? सरकारमा हुने नै समस्याको जड भएको भाष्य नेपालको लागि नौलो होइन। यो कुरा गहिरिएर मनन गर्न सकियो, सबै नेपालीलाई आफूजस्तै जिम्मेवार, राष्ट्रप्रेमी आँखाले हेर्न सकियो भने जवाफको छनक मिल्न सक्छ।

हामीले त्यही भाष्यका पछि दशकौं समय गुजार्‍यौं। हजारौं शहीदहरूको समर्पणमा, लाखौं जीवनहरूसँग खेलेर कहिले सरकार बदल्यौं, कहिले व्यवस्था नै परिवर्तन गर्‍यौं। राणाकाल, त्रिभुवनकालीन प्रजातन्त्र, पञ्चायतकाल, संवैधानिक राजतन्त्रसहितको प्रजातन्त्रकाल, निर्वाचित प्रतिनिधि 'अक्षम' भएपछिको सक्रिय राजा ज्ञानेन्द्रको प्रजातन्त्र, लोकतान्त्रिक गणतन्त्र, बीचबीचका अन्तरिम कालहरू- कत्ति कत्ति !

लगभग सात दशकको नेपालको संवैधानिक यात्रामा सात पटक त संविधान नै बनेछन्। राणाशासनको अन्त्यदेखि अहिलेसम्म ५२ पटक त प्रधानमन्त्री वा कार्यकारी प्रमुख बदलिएछन्। यसै अवधिमा हाम्रै हाराहारीको आर्थिक स्थिति रहेका सिंगापुर, मलेसिया, दक्षिण कोरिया जस्ता मुलुकहरूको आर्थिक स्थिति विश्वकै अग्रस्थानमा पुग्न सफल भयो। हामी भने आपसी गाली-गलौज, आरोप-प्रत्यारोप र एकअर्काप्रति अविश्वासमै समय बिताउँदैछौं।

आम जनजीवन सहज हुने क्रियाकलापहरू अति न्यून देखिन्छन्। हामीमध्ये कतिको मस्तिष्कमा अझै पनि व्यवस्था परिवर्तन गरेरै समस्याको समाधान हुन्छ भन्ने भूत सवार छ भने पनि अचम्मित हुनु पर्दैन। तर, फालेरै बन्ने भए यति धेरै व्यवस्था, संविधान र कार्यकारी समूह फाल्दा भनिसक्नुपर्ने होइन र ? त्यसैले फाल्दैमा बन्छ भन्ने भाष्य दुर्भाग्यपूर्ण छ। यो कुनै नागरिकको लागि अप्रिय अवस्था हो। यो मूल समस्या विषयान्तर गर्ने कुचेष्टा हो। राष्ट्र बिरामी परेको अवस्था हो।

हामीलाई सवैंधानिक राजतन्त्र समस्या लाग्यो, जापान वा नर्वेमामा चलेकै छ। हामीलाई भूपरिवेष्टित हुनुमा समस्या लाग्छ, लग्जेमवर्ग अग्रणी स्थानमै छ। हामीलाई संघीयता समस्या लाग्दैछ, हाम्रो एक तिहाइ भन्दा सानो मुलुक स्विट्जरल्याण्डमा ठिकै छ। कसैलाई धर्मनिरपेक्षता मन नपर्न सक्छ तर केही अपवाद बाहेकका विश्वका सर्वाधिक विकसित मुलुकहरूमा ठिकै छ। त्यसो त धार्मिक-सांस्कृतिक सहिष्णुता हाम्रो गौरवशाली परम्परा पनि हो।

त्यसैले अब हामी हाँगामा भएका हाम्रा असहमतिहरू एकछिन पोको पारेर, आम जनजीवन सुधार्ने मूल विषय- आर्थिक समृद्धिको यात्रामा होष्टेमा हैंसे गरेर लाग्नै पर्छ। झर्ला र खाउँला भन्ने मानसिकताबाट मुक्त भई, आफ्नै पौरखको बलमा सबै काम निमिट्यान्न पार्ने आत्मविश्वासका साथ काम गर्नुको विकल्प छैन।

सधैं अरुको भर पर्ने ऐंजेरू मानसिकतालाई यो संभव नलाग्न सक्छ। तर आर्थिक उन्नति हासिल गरेका हरेक मुलुकले त्यो उपलब्धि आफूले नै हासिल गरेका हुन्। अन्य मुलुकको सहयोगकै भरमा समृद्धि हासिल गरेको देश यो धर्तीमा एउटा पनि छैन।

वैज्ञानिकहरूका अनुसार जब मानव शरीरमा कुनै संक्रमण हुन्छ, रोगव्याधि विरुद्ध लड्ने श्वेत कोषिकाहरू सक्रिय बन्छन्, उनीहरूको प्रतिक्रिया स्वरूप शरीरको तापक्रम बढ्छ - ज्वरो आउँछ। ज्वरो आफैंमा एउटा रोग होइन, तर प्रायः सबै रोगको लक्षण हो। ज्वरो घटाउने औषधि 'सिटामोल'ले क्षणिक रूपमा ज्वरो कम होला, तर रोग ज्यूँ का त्यूँ हुनसक्छ। त्यसैले रोग निको पार्न वास्तविक रोगको पहिचान गरेर तदनुरूप औषधि सेवन गर्नुपर्ने हुन्छ।

नेपालको राजनीतिमा पनि अब लक्षण कम गर्ने 'सिटामोल' होइन वास्तविक रोग निको पार्ने मौलिक 'संजीवनी बुटी' खोजी गरिनुपर्ने बेला आएको छ। आम नागरिक, उद्यमी-व्यवसायी, पेशाकर्मी, कर्मचारीलगायत राज्यका सबै तह-तप्काको उत्साहित सहभागितामा राष्ट्रको सर्वाङ्गीण विकासको वातावरण तयार पार्ने बेला आएको छ।

यसको लागि मुख्य भूमिका राजनीतिक दलहरूकै हुन्छ। स्थानीय निकायदेखि र प्रदेश र केन्द्रसम्म सरकारमा जानेको पहिलो जिम्मेवारी, प्रतिपक्षको पनि उत्तिकै जिम्मेवारी ! राजनीतिक दलहरूले व्यापक आन्तरिक सुधार गर्न सक्ने हो भने यो संभव छ।

अबका दिनहरूमा नेपालले 'संजीवनी बुटी' को खोजी गरेर मूल समस्या 'आर्थिक शिथिलता' बाट सदाको लागि मुक्ति पाउन सकोस्। आफूले समृद्धिको यात्रा तय गरोस् र संसारका अरु नेपालजस्तै जकडिएर बसेका मुलुकहरूको लागि समेत प्रेरणाको स्रोत बन्न सकोस्। अनलाईन खबरवाट